annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७० पृष्ठ ८ | काठमाडौं, मंगलबार २५ असार २०८१ | आषाढ शुक्लपक्ष चतुर्थी, नेपाल संवत् ११४४ | TUESDAY, JULY 9, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## हामीलाई पहिरोबाट बचाउ सरकार



ज्योतिबहादुर कठायत

**इजलास**

हाम्रो गाउँ पहिरोको उच्च जोखिममा छ। मेरो सम्झनामा भएसम्म २०५७ सालदेखि हाम्रो गाउँमाथिको भीर, चौका र तल खाराको भीरबाट निरन्तर पहिरो खस्दै आएको छ। पहिले गाउँबाट टाढाको दूरीमा पहिरो खस्थ्यो।

मानिस सतर्क रहेर बस्थे। पहिरोले गाउँ छोएको थिएन। तर, विगत तीन वर्षयता माथिको भीरबाट खस्ने पहिरो पनि गाउँ पसिसक्यो। गाउँको तल्लो भागमा गइरहेको पहिरोले पनि गाउँ छोइसक्यो। अब त हाम्रो गाउँ तल र माथि दुवै तिरबाट पहिरोको जोखिममा छ। कत्तिबेला गाउँ नै भास्सिएर बस्ती बगर बन्ने हो भन्ने पिर सबैलाई छ। रातदिन पहिरो खसिरहेकाले घरभित्र बसेर खान र सुत्नसमेत पाएका छैनौं।

खाद्रुको गाउँमा जम्मा २ सय ९२ घरधुरी छन्। त्यसमा १ सय ५० घरधुरीलाई पहिरोले छोएको छ। यी घरहरू भासिरहेको जमिनमा छन्। गत शनिबार मात्र झन्डै ९० घरधुरीका मानिस घर छाडेर सुरक्षित ठाउँ खोज्दै छिमेकीकोमा सहारा लिइरहेका छन्।

गाउँ पहिरोको त्रासमा छ। बालबालिका, वृद्धवृद्धालगायत बिरामी परेका नागरिकको उपचार गर्न जाने बाटाहरू पनि पहिरोले बन्द छन्। गाउँमा टेलिफोन सेवा अवरुद्ध छ। घाँम नलाग्दा सोलार बल्दैन। गाउँ नै संकटमा छ। तर हामीलाई राज्य छ, छैन थाहा छैन।

हाम्रो गाउँ पहिरोको जोखिममा परेको २४ वर्ष भयो। तर, यो पहिरो जतिबेला गाउँभन्दा धेरै टाढा थियो, त्यतिबेला नै रोकथाम गरिदिएको भए अहिलेको अवस्थामा आउने नै थिएन। यसका लागि गाउँपालिकामा पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ भएको छैन। त्यसैले हामीलाई पहिरोबाट बचाइदेऊ सरकार।

*(कठायत पचालझरना गाउँपालिका-३, खाद्रु कालीकोटका पहिरोपीडित हुन्।)*

**भित्री पृष्ठ**



बदनाम गरिँदैछन् आदर्श नामहरू - *पृष्ठ ४*

कभर स्टोरी

# पढाउँछन् वर्षभरि, नतिजा शून्य आउने गरी



नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको छ। माविसम्मको शैक्षिक गुणस्तर सुध्रनु र बिग्रनुको सम्पूर्ण जिम्मेवारी सम्बन्धित पालिकाले नै लिनुपर्छ। तर, शिक्षा क्षेत्रका जानकारहरूका अनुसार स्थानीय तहलाई शिक्षाको अधिकार सुम्पिएपछि गुणस्तर झनै खस्किँदै गएको छ। जुन यसपालिको एसईईको नतिजाले समेत पुष्टि गरेको छ।

### एसईई नतिजा खस्किनुका कारणहरू

- छैन अनुगमन, निरीक्षण र सुपरीवेक्षण
- पालिकाहरूमा जनशक्ति अभाव
- शिक्षकहरूको क्षमता विकासमा छैन ध्यान
- बजेटमा छैन शिक्षालाई प्राथमिकता
- दरबन्दीअनुसार शिक्षक अभाव
- विषयगत शिक्षक पाउनै मुस्किल
- छिनछिनमा शिक्षक सरुवा
- विद्यालयमा चरम राजनीति
- अभिभावकको पनि छैन चासो
- शिक्षकले परीक्षा आउने बेलासम्म पनि भ्याउँदैनन् पढाएर
- परीक्षामा टाढा भयो केन्द्र
- प्रावि शिक्षकको काँधमा माविको बोझ
- पालिकाले ल्याउँदैनन् शिक्षा सुधार्ने नीति
- नतिजा खस्केपछि मात्र झस्कन्छन् जनप्रतिनिधि
- शिक्षामा तीन तहको सरकारबीच डब्लूकेसन
- शिक्षक सरुवा र पेन्सनपट्टामा मात्र सीमित छन् समन्वय एकाइ

**केशरराज क्षेत्री / गंगा खड्का** | *बुटवल*

**- को रिपोर्ट**

समाचार पृष्ठ २

# फर्जी पोलिक्लिनिकमा नक्कली चिकित्सक

## बिरामीको अवस्था बिग्रिएपछि फरार भए सञ्चालक



**फर्जी पोलिक्लिनिकमा थलिएकी ६८ वर्षीया गायत्रीदेवी महतो। ● विजयकुमार सिंह**

**विजयकुमार सिंह** | *ढल्केबर (धनुषा)*

होर्डिङ बोर्ड छ 'उपचार' को। नाममा जोडिएको छ 'पोलिक्लिनिकमा'। त्यसमा न क्लिनिकको दर्ता प्रमाण। न त कुनै चिकित्सकको नाम। त्यो हो, धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरस्थित सखुवा रोडमा रहेको प्रभात पोलिक्लिनिकमा एन्ड अकुपञ्चर सेन्टर। त्यही क्लिनिकमा ३६ दिन भर्ना भएकी धनुषाको बटेश्वर गाउँपालिका-४ की ६८ वर्षीया गायत्रीदेवी महतो ओछ्यानमा थलिएकी छिन्।

ब्लडप्रेसर र मधुमेहले ग्रसित गायत्री गत वैशाख ११ गते त्यहाँ पोलिक्लिनिकमा भर्ना हुँदा सामान्य अवस्थामै थिइन्। गायत्रीका श्रीमान् राम हृदय महतोलाई क्लिनिकका सञ्चालक रामबाबु महतोले बिरामीलाई एक साता मात्रै भर्ना गरे मधुमेह च्वाटै पारेर घर फर्काइदिने प्रलोभन देखाएपछि गायत्रीलाई भर्ना गरेका थिए। एक साताका लागि भर्ना गरिएकी गायत्रीलाई त्यहाँ चार सातासम्म राख्दा बिरामीको अवस्था सुधारको साटो झनै बिग्रेको बिरामीका आफ्नतजनको आरोप छ।

रोजगारीको सिलसिलामा बुटवल बस्दै आएका गायत्रीका छोरा बसन्त भन्छन्, 'सुरुमा ममिलाई हस्पिटलमा राखिएको भनेर घरबाट मलाई जानकारी गराइयो। अवस्था बिग्रिएको थाहा पाएपछि साथीलाई पठाउँदा फर्जी क्लिनिकमा राखिएको रहेछ। उपचारमा खटिएको भनिएका चिकित्सक पनि 'नन मेडिकल' फिल्डका पो रहेछन्। त्यतिन्जेलसम्म ममिको अवस्था पूरै बिग्रिसकेको थियो। मान्छे चिन्न छाडिसक्नुभको थियो।'

भर्ना गरिएको पोलिक्लिनिकमा बाट ३६औं दिनमा जबरजस्ती बिरामीलाई आफूहरूले काठमाडौं लगेको बसन्त बताउँछन्। काठमाडौंको उपेन्द्र देवकोटा मेमोरियल हस्पिटलमा चेकजाँचपछि बिरामीको वास्तविक अवस्था र पोलिक्लिनिको बदमासी थाहा भएको उनी सुनाउँछन्। 'त्यहाँको रिपोर्टले बिरामी अवस्था नाजुक रहेको देखियो,' त्यहाँका चिकित्सको भनाइलाई उदृत गर्दै बसन्तले भने, 'बिरामीको मस्तिकमा ब्लकेज छ।

सुरुमै ल्याइएको भए मेडिसिनबाटै निको पार्न सकिन्थ्यो। अहिले त्यहाँको नशा सुकिसकेको छ। अप्रेसन गर्ने अवस्था पनि रहेन।' त्यहाँको सामान्य औषधिले तत्कालै बिरामीलाई केही सुधार भएको उनी बताउँछन्। चिकित्सकको सल्लाहमै घर बिरामीलाई ल्याएर जनकपुरको न्युरो हस्पिटलमा फ्लोअप गराइरहेको बसन्तको भनाइ छ। ममी अहिले मृत्युसँग लडिरहेको उनले दुखेसो पोखे।

महेन्द्रनगरको पोलिक्लिनिकमा मा नक्कली चिकित्सकले उपचार गरेर बिरामीलाई मरणासन्न बनाइदिएको बसन्तको आरोप छ। 'त्यहाँ ममीलाई जथाभावी 'हाई पावर' र म्याद गुज्रेका औषधिहरू खुवाएका रहेछन्। पैसा कुम्ल्याउने चक्करमा नक्कली चिकित्सकले बिरामीलाई मार्न खोजे,' उनले भने।

बसन्तले बिरामीलाई ३६ दिनसम्म झुक्याई छलकपट गरी मानव शरीरमा खेलवाड गरेकाले पोलिक्लिनिकमा का सञ्चालकलाई कानुनबमोजिमको कारबाही गरी तत्कालै उक्त पोलिक्लिनिकमा शिलबन्दी गर्न गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, क्षिरेश्वरनाथ नगरपालिकामा उजुरीसमेत गरेका छन्। तर, प्रहरी प्रशासन कारबाही गर्नुको साटो पोलिक्लिनिकमा र त्यसका सञ्चालकलाई संरक्षण गरिरहेको बसन्तले आरोप लगाए।

पोलिक्लिनिकमा को बोर्डमा उल्लेख भएको प्यान नम्बर पनि फर्जी रहेको पाइएको छ। त्यो नम्बरको रेकर्ड आन्तरिक राजस्व कार्यालयमा नरहेको भेटिएको हो। 'त्यहाँ बोर्डमा हालेको प्यान नम्बरको रेकर्ड मिलिरहेको छैन। फर्जी वा टाइपिङ मिस्टेकमध्ये एउटा कारण हुनसक्छ,' आन्तरिक राजस्व कार्यालयमा कार्यरत एक कर्मचारीले भने। अहिले पोलिक्लिनिकमा बन्द गरेर त्यसका सञ्चालक रामबाबु महतो सम्पर्कविहीन छन्। प्रतिक्रियाका लागि फोन सम्पर्क गर्न खोज्दा पनि उनको फोन लागेन।

यता धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवा यो केसमा प्रहरीले गम्भीरताका साथ अनुसन्धान गरिरहेको बताउँछन्। 'हामीले अनुसन्धान गरिरहेका छौं। पोलिक्लिनिकमा र चिकित्सकका विषयमा बुझ्ने ठाउँमा पत्र काटिसकेका छौं। अनुसन्धान भइरहेकाले अहिले धेरै कुराहरू भन्न मिल्दैन,' प्रहरी नायव उपरीक्षक अवाले भने।

क्षिरेश्वरनाथ नगरपालिकाका स्वास्थ्य शाखा संयोजक रामबहादुर यादव घटना भयो भनिएको पोलिक्लिनिकको दर्ता विषयमा नगरपालिकालाई कुनै जानकारी नभएको बताउँछन्। 'यहाँ दर्ता भएको कुनै प्रमाण छैन। हामी दुई/तीन दिनभित्रै प्रशासनसँग समन्वय गरेर केही निचोड निकाल्छौं। अबैध ठहर भयो भने शिलबन्दी गर्छौं। कारबाही हुन्छ,' स्वास्थ्य शाखा संयोजक यादवले भने।

# सहुलियत ऋृणमा मनपरी

**बलराम पुडासैनी** | **हेटौंडा**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाले आफैंले बनाएको कार्यविधि मिचेर कृषि फर्म तथा सहकारीलाई ५ करोड रुपैयाँ सहुलियत ऋृण दिएको तथ्य खुलेको छ। निर्देशनालयले उत्पादन प्रशोधन र बजारीकरणका लागि बिउपुँजी कोष परिचालन कार्यक्रम सञ्चालनको क्रममा मनोमानी गरेको रहस्य सतहमा आएको हो।

बिउँपुजी परिचालन कार्यविधि-२०८० लाई उल्लंघन गर्दै निर्देशनालयले कृषि फर्म तथा सहकारीहरूलाई दोहोरो सहुलियत ऋृण उपलब्ध गराएको हो। यसअघि नै सरकारी निकायबाट सहुलियत ऋृण प्राप्त गरेका कृषि फर्म तथा सहकारीलाई निर्देशनालयले पुनः सोही कार्यक्रममा समावेश गर्नु कार्यविधिविपरीत देखिएको छ।

निर्देशनालयले प्रथमपटक १९ पुस २०८० मा सार्वजनिक गरेको सूचनाअनुसार प्रदेशभरका कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीलाई ५० प्रतिशत साझेदारीमा शून्य प्रतिशत ब्याजदरको सहुलियत ऋृण प्राप्त गर्न प्रस्ताव माग गरेको थियो।

सूचनामा बिउपुँजी कोष परिचालन कार्यविधि-२०८० अनुसार सहुलियत ऋृण उपलब्ध गराइने उल्लेख छ। तर, निर्देशनालयले आफ्नै सूचनाविपरीत कार्यविधि मिचेर सहुलियत ऋृणको रकम भुक्तानी गरेको हो। कार्यविधिको परिच्छेद-४ अन्तर्गत बुँदा नम्बर १५ मा 'हालसम्म कुनै पनि सरकारी निकायहरूबाट सहुलियत ऋृण प्राप्त नगरेका व्यवसायीलाई प्राथमिकता दिइने उल्लेख छ। त्यस्तै बुँदा नम्बर १४ मा कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। तर, निर्देशनालयले मनोमानी ढंगबाट अधिकार क्षेत्रभन्दा बाहिर गई कार्यक्रम कार्यान्वयन गरेको खुलेको हो।

निर्देशनालयले उक्त कार्यक्रमका लागि प्राप्त भएको कुल १ सय १४ वटा आवेदनमध्ये एकपटक पनि सहुलियत ऋृण नपाएकाहरूलाई प्राथमिकतामा नराखी यसअघि नै लाभ लिइसकेका १९ वटा कृषि फर्म तथा कृषि सहकारीलाई छनोट गरेको छ। त्यस्तै ६ वटा आवेदनलाई बैकल्पिकमा समावेश गरेको छ।

निर्देशनालयले सहुलियत ऋृणका लागि छनोट गरेका फर्म तथा सहकारीहरूले यसअघि नै सोही प्रकारको ऋृण लिइसकेको भेटिएको छ। जसमध्ये चितवनको रत्ननगरस्थित न्युट्रिसाइलेज एन्ड रिसर्च फर्मले नेपाल बैंक लिमिटेडमार्फत, भरतपुरको मुक्तिनाथ ब्रिडिङ फर्म प्रालिले सिद्धार्थ बैंकबाट, रत्ननगरको ए वन काउ फर्मले कुमारी बैंकमार्फत र गोकर्णेश्वरको सलका डेरी फार्म प्रालिले एनएमबी बैंकमार्फत सहुलियत ऋृणको भुक्तानी लिएको भेटिएको छ। धुलिखेलको सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले भने युवा स्वरोजगार कोषबाट सहुलियत ऋृण लिएको पुष्टि भएको छ।

**सहुलियत कर्जा लिइसकेका भएपनि पुनः छनोट गरिएका कृषि फर्म तथा कृषि सहकारी**

| क्र.स. | आवेदक | ठगाना | स्वीकृत बीउपूजी रकम (अधिकतम) रु लाखमा |
|---|---|---|---|
| १ ✓ | श्री सेती देवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | धुलिखेल-२ काभ्रे | २५ |
| २ | सुपादेउराली एग्रो फार्म | चागुँनारायण-२,भक्तपुर | २० |
| ३ ✓ | सलका डेरी फार्म प्रा.लि. | गोकर्णेश्वर-१,काठमाण्डौं | ५० |
| ४ | बासुनन्द पशु तथा कृषि फार्म प्रा.लि | मनहरी-३,मकवानपुर | ५० |
| ५ | न्युट्री साईलेज एण्ड रिसर्च फार्म प्रा.लि | रत्ननगर-१४, चितवन | ४० |
| ६ | मुक्तिनाथ ब्रिडिङ्ग फर्म प्रा.लि | भरतपुर-२२, चितवन | २० |
| ७ | आप्सिका पशुपालन तथा कृषि फर्म | बुढानिलकण्ठ-६,काठमाण्डौं | ३० |
| ८ | रातमाटे कृषि तथा पशुपन्छी फर्म | तीनपाटन-६,सिन्धुली | १५ |
| ९ | खहरे खोला एग्रो कृषि फार्म | चौरीदेउराली-८,काभ्रे | २० |
| १० | ढकाल पशुपालन फार्म | खैरहनी-५, चितवन | १५ |
| ११ | घुसा कृषि फार्म प्रा.लि | बेनिघाट रोराङ-७,धादिङ | ५० |
| १२ | शैलुङ नमुना कृषि तथा पशुपन्छी फर्म | दोरम्बा शैलुङ-१,रामेछाप | २० |
| १३ | आस्था अर्गानिक कृषि फार्म | चौतारासाँगाचोकगढी-८, सिन्धुपाल्चोक | २० |
| १४ | भिरखर्क कृषि तथा पशुपन्छी फर्म | मन्थलि-९, रामेछाप | १५ |
| १५ | अनिल कृषि तथा पशुपन्छी फर्म | नमोबुद्ध-४, काभ्रे | २० |
| १६ | ए.वन काउ फर्म | रत्ननगर-१६, चितवन | १५ |
| १७ | सप्तरंगी ट्राउट माछा उत्पादन केन्द्र प्रा.लि. | हेलम्बु-४,सिन्धुपाल्चोक | ३० |
| १८ | अर्याल बहुउद्देश्यीय कृषि फार्म | धुनिबेंशि-१, धादिङ | २० |
| १९ | हैबारवेशी बहुउद्देश्यीय कृषि फार्म | गोलन्जोर-६,सिन्धुली | २५ |

यी ५ वटा फर्म तथा सहकारीले जनही १ करोडभन्दा बढी सहुलियत ऋृण लिएको नेपाल राष्ट्र बैंकको अभिलेखमा छ। तर, निर्देशनालयले पुनः न्युट्रिसाइलेजलाई ४० लाख, मुक्तिनाथलाई २० लाख, एवनलाई १५ लाख, सलकालाई ५० लाख र सेतीदेवीलाई २५ लाख सहुलियत ऋृण दिएको हो।

त्यस्तै निर्देशनालयबाट चागुनारायणको सुपा देउराली एग्रो फर्मले २० लाख, मनहरीको बासुनन्द पशु तथा कृषि फर्मले ५० लाख, बूढानीलकण्ठको आप्सिका पशुपालन तथा कृषि फर्मले ३० लाख, तीनपाटनको रातमाटे कृषि तथा पशुपन्छी फर्मले १५ लाख, चौरीदेउरालीको खहरे खोला एग्रो कृषि फार्मले २० लाख, खैरहनीको ढकाल कृषि फर्मले १५ लाख पाउने गरी ९ वैशाख २०८१ मा सूची सार्वजनिक गरेको छ।

त्यस्तै बेनीघाटको घुसा कृषि फर्मले ५० लाख, दोरम्भाको शैलुङ नमुना कृषि तथा पशुपन्छी फर्मले २० लाख, चौताराको आस्था अर्गानिक कृषि फर्मले २० लाख, मन्थलीको भीरखर्क कृषि तथा पशुपन्छी फर्मले १५ लाख, नमोबुद्धको अनिल कृषि तथा पशुपन्छी फर्मले २० लाख, हेलम्बुको सप्तरंगी ट्राउट माछा उत्पादन केन्द्रले ३० लाख, धुनीबेंसीको अर्याल बहुउद्देश्यीय कृषि फार्मले २० लाख र गोलन्जोरको हैबारवेशी बहुउद्देश्यीय कृषि फर्मले २५ लाख रुपैयाँ पाएका छन्।

» बाँकी पृष्ठ ६

# रूसद्वारा युक्रेनी बाल अस्पतालमा आक्रमण, २० भन्दा बढीको मृत्यु

**किएभ** (एपी/रासस) : रूसी क्षेप्यास्त्र युक्रेनको राजधानीस्थित एक बाल अस्पतालमा ठोक्किएको छ। उक्त आक्रमणबाट कम्तीमा २० जनाको मृत्यु भएको छ। त्यसैगरी, मध्य युक्रेनी सहर क्राइभी रिहमा भएको आक्रमणमा १० जनाको मृत्यु भएको र ३१ जना घाइते भएको नगर प्रशासनका प्रमुख ओलेक्ज्यान्डर विल्कुलले बताए।

केही महिनायता किएभमा भएको यो सबैभन्दा ठूलो बमबारी थियो। युक्रेनी वायु सेनाका अनुसार दिनदहाडै गरिएको आक्रमणमा रूसको सबैभन्दा अत्याधुनिक हतियारमध्ये एक किन्झाल हाइपरसोनिक क्षेप्यास्त्र पनि प्रयोग भएको अधिकारीहरूले बताएका छन्। किन्झाल तीव्र गतिमा अर्थात् ध्वनिको १० गुणा बढी गतिमा उड्ने भएकाले यसलाई रोक्न गाह्रो हुन्छ। विस्फोटका कारण सहरका भवनहरू हल्लिएका थिए।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले विभिन्न प्रकारका ४० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेर अपार्टमेन्ट भवन र सार्वजनिक संरचनामा प्रहार गरेको बताएका छन्। किएभ सहर प्रशासनले केही क्षेत्रमा क्षेप्यास्त्रबाट खसेको भग्नावशेष खसेको र आगो लाग्न थालेको जनाएको छ। किएभका धेरै इलाकाहरूबाट धुवाँको बाक्लो मुस्लो उठेको थियो। युक्रेनको राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री यर्मलले सडकमा धेरै मानिस भेला भइरहेका बेला आक्रमण भएको बताएका छन्।